# मनसुन पुर्व तयारी कार्ययोजना

# २०८१

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दोलखा, चरिकोट

नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय,चरिकोट दोलखा

## जिल्ला विपद् व्यवस्थापन समिति

# जिल्लाको सामान्य परिचय

## दोलखा जिल्लाको संक्षिप्त ऐतिहासिक पृष्ठभुमी

दोलखा जिल्ला नेपालको वागमती प्रदेशमा पर्ने हिमाली जिल्ला मध्ये एक हो । दोलखा जिल्ला राजधानी काठमाण्डौबाट पूर्व १३३ कि.मी. सडक दुरीमा अवस्थित छ । यस जिल्लाले प्राचीन काल देखि नै आफ्नो छुट्टै आर्थिक, सामाजिक, धार्मिक र राजनीतिक पहिचान कायम राख्दै आएको पाइन्छ ।

प्राचिन समय देखि नै तामाकोशीको किनारै किनार भएर भोटसँग व्यापार मार्ग खुलेकोले व्यापार गर्न आउदा जाँदा दोलखामा कुनै डर त्रास नभई सुरक्षित तवरले आवत जावत हुने भएकोले नै यस स्थानलाई पहिला अभयपुर भनेर चिनिन्थ्यो भन्ने भनाई रहेको छ भने कसै कसैले दोलखा राज्यको शासन व्यवस्थामा सात सुरक्षा घेरा भएको कारणले नै दोलखालाई अभयपुर महापतन भनिन्थ्यो भन्ने भनाई रहेको छ । यो जिल्ला मल्ल तथा लिच्छवी कालमा संयुक्त भोटसँग व्यापार गर्ने एउटा महत्वपूर्ण व्यापारीक केन्द्रको रुपमा रहेको थियो ।

दोलखाको नामाकरण सम्वन्धमा विभिन्न किम्वदन्तीहरु पाईन्छ । सत्य यूगमा भिम नामको राक्षसले तपस्या गरी महादेवबाट अजर अमर रहने आशिर्वाद पाई यस अभयपुर क्षेत्रमा  राज्य गर्ने क्रममा जनताको दुई लाख बली लिएको र तत्पश्चात यहाँका जनता त्राहिमाम भई महादेवको शरण पर्न गए र महादेवले भिम राक्षशलाई शीलामा समाहीत हुन र यसो भएमा सवै युगमा उक्त शिलाको पूजाआजा हुने भनि आदेश भएपछि भिम राक्षेश शिला वनेको, साथै सोही समयदेखी उक्त शिलाको भिमेश्वर (पछिबाट दोलखा भिमसेन) को रुपमा पूजाआजा हूँदै आएको र भिम राक्षसले दुई लाख बली लिएको हुँदा दुई लाखवाट अपभ्रंस भई यस क्षेत्रको नाम दोलखा रहन गएको भन्ने किंवदन्ती छ भने अर्कोतर्फ तिव्वति भाषामा "दो" को अर्थ ढुङ्गा "ल"को अर्थ मन्दिर र "खा" को अर्थ घर भएकोले दोलखामा प्रसस्त मात्रामा ढुङ्गा माटोवाट वनाएको मन्दिर र घरहरु रहेको हुनाले यसलाई दोलखा नामाकरण गरिएको हो भन्ने भनाई पाईन्छ ।

दोलखाको धार्मिक साँस्कृतिक धरोहर भिमेश्वर (दोलखा भिमेश्वर) को मन्दिरमा नित्य पूजा वाहेक भिम एकादशी, वालाचतुर्दशी, चैतेदशै, वडादशै ईत्यादिमा भव्य मेला लाग्ने गर्दछ । महाभारतका पाँच पाण्डव गुप्तवास वस्दाको समयमा प्रयोग गरिएको साँकेतिक भाषालाई दोलखामा वसोवास गर्ने नेवार जातिहरुले वोलचाल गर्दै आउदाको अवस्थाको रुपमा हाल रहेको नेवारी भाषालाई लिने गरेकाछन् । यसरी यहाँ वोलिने नेवारी भाषालाई यहाँका नेवार जातिहरुले सवैभन्दा पूरानो नेवारी भाषाको रुपमा मान्दछन् ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय दोलखा, चरिकोट

प्रमुख जिल्ला अधिकारी

## भौगोलिक स्थिति

अक्षांश:- २७ मि. २८ से. उत्तरदेखी २८ मि. ०० से. उत्तर देशान्तर:- ८५'५०' पूर्व देखी ८६'३२' पूर्व क्षेत्रफल:- २१९१ व.कि.मि.सवैभन्दा अग्लो स्थान:- गौरीशंकर हिमाल - ७१३४ मि.सवैभन्दा होचो स्थान:- सितली ७३२ मि.,मेलुङ गाउँपालिका

सिमाना:-पूर्व: सोलुखुम्वु र रामेछाप जिल्ला पश्चिम: सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक जिल्ला उत्तर: सिन्धुपाल्चोक जिल्ला र चिनको स्वसासित क्षेत्र तिव्वत दक्षिण: रामेछाप जिल्ला

## राजनितिक तथा प्रशासनिक विभाजन

प्रदेश:-वागमती

जिल्ला:- दोलखा

जिल्ला सदरमुकाम:- चरिकोट

नगरपालिका:-२ (दुई)

गाउँपालिका:-७ (सात)

प्रतिनिधि सभा निर्वाचन क्षेत्र:-१ (एक)

प्रदेश सभा निर्वाचन क्षेत्र:-२ (दुई)

प्रदेश सभा क्षेत्र नं.:-१ (नगरपालिका-१ गाउँपालिका -४ )

प्रदेश सभा क्षेत्र नं.:-२ (नगरपालिका-१ गाउँपालिका -३)

जनसंख्या:- १,७२,७६७(वि.सं. २०७८ सालको जनगणना अनुसार)


महिला:- ८९०४७(वि.सं. २०७८ सालको जनगणना अनुसार)

पुरुष:- ८३७२०(वि.सं. २०७८ सालको जनगणना अनुसार)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दोलखा, चरिकोट

प्रमुख जिल्ला अधिकारी

# दोलखा जिल्लाको नक्सा




नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दोलखा, चरिकोट

प्रमुख जिल्ला अधिकारी

## १.पृष्ठभुमी

मनसुनका समयमा विभिन्न प्रकोपका कारण हुन सक्ने जनधनको क्षतिलाई न्युनिकरण गर्न विपद् व्यवस्थापनमा कार्य गर्ने सबै स्थानीय सरकारी तथा गैह्र सरकारी निकायहरुले मनसुन पूर्वतयारी तथा प्रतिकार्य तथा कार्ययोजना वनाई तयारी अवस्थामा रहन आवश्यक देखिएकोले मनसुन पुर्व तयारी कार्ययोजना २०७८ वनाइ लागु गरिएको छ ।

## १.१ मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजनाको उद्देश्य

मनसुनका समयमा मनसुन प्रभावितहरुको जीवन र वहुमूल्य सम्पत्तिको संरक्षण तथा सुरक्षा गरी मानिस माथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न स्थानीय साधन तथा स्रोतको अधिकतम उपयोग गर्दै प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेही मानवीय सहयोग उपलब्ध गराउन तथा मनसुन जोखिम न्यूनीकरणका कार्यलाई संस्थागत रूपमा प्रवर्द्धन गर्नु यस योजनाको मूल उद्देश्य रहेको छ । योजनाका उद्देश्य निम्नवमोजिम छन् :

- मनसुन प्रभावित व्यक्ति, परिवार र समुदायलाई तत्काल खोज तथा उद्धार गरी आधारभूत आवश्यकता परिपूर्तिको सुनिश्चितता गर्नु,
- मनसुनवाट प्रभावितलाई सुरक्षित र सम्मानजनक जीवनयापनका लागि आधारभूत सहयोगको प्रत्याभूति गर्नु,
- उपलब्ध न्यूनतम साधन-स्रोतको अधिकतम उपयोग गर्दै साधन-स्रोतको खोजी गरी नेपाल सरकार तथा प्रदेश सरकारवाट भएका निर्णयको कार्यान्वयन गर्न सरोकारवाला निकाय तथा संघसंस्थासँग प्रभावकारी समन्वयको सुनिश्चितता गर्नु,
- विकास प्रक्रियामा जोखिम न्यूनीकरण विधिलाई मूलप्रवाहीकरण गरी मनसुनजन्य जोखिम कम गर्न र मनसुन पछिको पुनर्लाभ प्रक्रियालाई अघि वढाउन आधार तयार गर्नु,
- जिल्लाका मनसुन जोखिमको अवस्थालाई मापन गरी सो अनुसार पूर्व तयारी गर्नु ।

## १.२ मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा

मनसुन जोखिम व्यवस्थापन भित्र गरिने विभिन्न चरणका कार्यमध्ये मनसुनपहिले,जोखिम न्यूनीकरणका आधारभूत कार्यहरु, प्रतिकार्यका लागि पूर्वतयारी, मनसुनको अवस्थामा प्रतिकार्य र तत्कालीन पुनर्लाभका लागि कार्य गरिने भएकोले यस योजनावाट मनसुन प्रभावित मानिसका अधिकारको रक्षा, आपतकालीन जीविकोपार्जनमा सहयोगका साथै मनसुनबाट हुने मानविय र भौतिक क्षति न्यूनिकरण गर्न सकिने अपेक्षा गरिएको छ ।

यस योजनाका केही अपेक्षित नतिजा निम्नानुसार हुने अपेक्षा गरिएको छ :

- मनसुन पहिले गर्नुपर्ने आधारभूत जोखिम न्यूनीकरणका कार्यहरुको सुनिश्चित हुनेछन ।
- मनसुनका समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्न सकिनेछ ।
- मनसुन जोखिम कम गर्न सरोकारवाला र समुदायवीच सहकार्यको अभिवृद्धि हुनेछ ।
- मनसुन प्रभावितलाइ आफ्नो अधिकार र दायित्व वारे सचेत हुन अवसर प्राप्त हुनेछ ।
- उद्धार र राहत जस्ता कार्यमा प्रभावित समुदायको समान पहुँचको प्रत्याभूति हुनेछ ।
- सामाजिक, सांस्कृतिक मर्यादा तथा सदभाव अभिवृद्धि भई मनसुनको सामना गर्न एकजुट हुने वातावरण तयार हुनेछ ।
- क्षेत्रगत रूपमा कामको वाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुका साथ सेवाप्रदायकमा जवाफदेहीता र उत्तरदायित्वको भावनाको विकास हुनेछ ।

## १.३ मनसुन योजना तयारीका विधि

नेपाल सरकार गृह मन्त्रालयबाट तयार गरिएको राष्ट्रिय विपद प्रकिकार्य कार्य ढाँचा २०७५ (प्रथम संशोधन २०७५) को अधिन भित्र रहि जिल्ला विपद व्यवस्थापन समिति दोलखाले यस जिल्लामा मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना वनाइ विगत वर्षहरुमा तयार गरी लागु गरे अनुसार हाल यस कार्य योजनालाई समय सापेक्ष अद्यावधिक गरी विगतमा मनसुनवाट परेका प्रभावहरूको विश्लेषणको आधारमा सवैभन्दा जोखिम परिस्थितिलाइ ध्यानमा राखि तयार गरिएको छ । जिल्ला भित्रका स्थानीय तह, सरकारी, गैह्र सरकारी एवं निजी क्षेत्रको क्षमता विश्लेषणको आधारमा यो पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापका लागि भूमिका तथा जिम्मेवारी निर्धारण गरिएको छ । 'पूर्वतयारी' तथा 'प्रतिकार्य कार्यक्रम' सम्वन्धी दुवै योजना आपतकालीन योजनामा उल्लेखित प्रमुख गतिविधि हुनेछन र योजना तर्जुमा गर्दा यसको कार्यान्वयनमा सहयोग उपलब्ध गराउन सम्वन्धित तथा उपयुक्त निकायको पहिचान गरिएको छ । विगतमा भएका मनसुनका घटना, २०७५ सालको जुँगुको पहिरो, २०७२ सालको विनासकारी भूकम्प यस योजना अन्तर्गत जिल्लाको पूर्वतयारी तथा प्रतिकार्य सम्वन्धी योजनाको व्यवस्थापन जिल्ला विपद व्यवस्थापन समितिको समष्टिगत समन्वयमा गरिएको छ । हरेक विषयगत क्षेत्र (Cluster) मा नेतृत्व प्रदान गर्ने निकायको अगुवाइमा विषयगत क्षेत्र अगुवा (ClusterLead) ले सो क्षेत्रमा संलग्न विभिन्न निकाय बीच समन्वय गर्ने र मनसुनको कारणले हुने वाढी, पहिरो र चट्याङको परिस्थितिसँग सम्वन्धित सवालहरूलाई सम्वोधन गर्नका निमित्त आफ्नो क्षेत्रको विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन समन्वयात्मक रूपमा गर्न ती निकायका सवल पक्ष तथा विशेष ज्ञान र उपलब्ध क्षमता माथि ध्यान दिइएको छ । आपत्कालीन योजनालाई अन्तिम रूप दिइसकेपछि पूर्वतयारी सम्वन्धी कदममा भएका प्रगतिलाई सुनिश्चित गर्न सो योजनाका समीक्षा जिल्ला विपद व्यवस्थापन समितिवाट समीक्षा गरिने । यसका लागि जिल्लामा विपद पूर्वतयारी तथा प्रतिकार्यको क्षेत्रमा काम गर्ने विभिन्न सरकारी निकाय, नेपाल रेडक्रस सोसाइटी, राष्ट्रिय एव अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था सहभागी हुनेछन् ।

# २. जिल्लाको क्षमता विश्लेषण

## २.१. जिल्लामा उपलब्ध साधन तथा स्रोत

जिल्लामा मनसुन कार्ययोजना कायन्वयन सकिने मानव संसाधन सहित अन्य साधन-स्रोतको अवस्था निम्नअनुसार छ ।

| क्र.सं. | विवरण | उपलब्धता | स्थिति | उपलब्धहुने स्रोत |
|---|---|---|---|---|
| १ | वारुणयन्त्र | २ | भएको | भीमेश्वर र जिरी |
| २ | डोजर | निर्माण व्यवसायी र स्थानीय तह | अपर्याप्त | निर्माण व्यवसायी संघ |
| ३ | एक्साभेटर | स्थानिय तह | अपर्याप्त | निर्माणव्यवसायी |
| ५ | डाक्टर, नर्स र स्वास्थ्य | | अपर्याप्त | स्थानीय तह |
| ६ | इन्जिनियरर ओभरसियर | | अपर्याप्त | स्थानीय तह |



प्रमुख जिल्ला अधिकारी

| क.सं. | विवरण | उपलब्धता | स्थिति | उपलब्धहुने स्रोत |
| --- | --- | --- | --- | --- |
| ७ | स्वयंसेवक | | पर्याप्त | गै.स.स महासंघ,नेरेस |
| ९ | आपतकालीन दक्ष चालक | | अपर्याप्त | |
| १० | मनसुनका समयमा सामानका सुरक्षा भण्डारण | स्थानीय तह र जिल्लामा उपलब्ध छ | नपा,गापाहरूमा प्र्याप्त नभएका | |
| ११ | यातायातका साधनट्रक, बस, माइक्रोबस, जिप | | निजी क्षेत्रका समेत प्रयोग गर्न | |
| १२ | खाद्य, कपडा, भाँडावर्तन | | अपर्याप्त | उद्योग वाणिज्य संघ,नेरेसो,दातृ निकाय |
| १३ | उद्धारकर्मी र राहत व्यवस्थापन सहयोगी जनशक्ति | आवश्यक जनशक्ति | दक्ष र पर्याप्त नभएकाले तालिम आवश्यक | नेरेसो, नेपाली सेना , नेपाल प्रहरी , सशस्त्र प्रहरी |
| १४ | स्वच्छ र सुलभ पिउन पानीको | छ | पर्याप्त र व्यवस्थित | खानेपानी मन्त्रालय |
| १५ | स्वास्थ्य संस्था | | स्वास्थ्यकर्मी र आपतकालीन औपधि पर्याप्त | स्वास्थ्य कार्यालय, स्थानीय तह |
| १६ | शैक्षिक संस्थाहरू | शिक्षण संस्था | वाल क्लवहरू जनचेतना अभिवृद्धिमा लाग्न सक्ने | स्थानिय शिक्षा शाखा , शिक्षा विकास तथा समन्वय इकाई |
| १७ | सडक सञ्जाल | पक्कीसडक किमि, ग्राभेल सडक किमि कच्चीवाधले २५०० किमि | | |
| १८ | नेपाली सेना | तारादल गण | | उद्धारमा प्रयोग हुने तालिम प्राप्त जनशक्ति |
| १९ | नेपाल प्रहरी | जि.पका–५५ इ.प्र.का. - १५९ प्रहरी चौकी -१९१ अ.प्र. पोष्ट - ५३ जम्मा-४५८ | ४५८ जनाको दरवन्दी रहेता पनि अधिकाश दरवन्दी खाली रहेको । | जिल्ला प्रहरी कार्यालय अर्न्तगत ६ वटा इलाका १५ चौकी ४ वटा अन्य प्रहरी पोष्ट तथा यनिट रहेका छन |
| २० | सशस्त्र प्रहरी बल नं १८ गण हे क्वा, चरिकोट | सशस्त्र प्रहरी बल नं १८ गण हे क्वा, BOP | | उद्धारमा प्रयोग हुने तालिम प्राप्त जनशक्ति |
| २१ | भिमेश्वर नगरपालिका | थिर बहादुर खड्काको नेतृत्वमा ७४ जना उद्दार कर्मीहरु रहेको | तालिम प्राप्त जनशक्ति | |
| २२ | सञ्चार (नेपाल टेलिकम) | सदरमुकाम–१ | | |
| २३ | महिला स्वास्थ्य स्वयंमसेविका | ७११ | तालिम प्राप्त | प्रत्येक वडा |



नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय दोलखा, चरिकोट

प्रमुख जिल्ला अधिकारी

## २.२ खोज, उद्धार तथा समन्वय : जिल्ला प्रशासन कार्यालय, प्रमुख जिल्ला अधिकारी

| सि.नं. | क्रियाकलाप | जिम्मेवारी | सहयोगी निकाय | समय | कै. |
|---|---|---|---|---|---|
| १ | बाढी,पहिरो तथा डुबानको जोखिममा रहेका बस्तीहरुको पहिचान गरि पुर्व सुचना दिने र समुदायमा रहेका संचार माध्यमबाट प्रचार प्रसार गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति | • सुरक्षा निकायहरु<br>• जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र<br>• नेपाल रेडक्रस सोसाइटी | मनसुन शूरुहुनु पुर्व समय देखि निरन्तर | |
| २ | भारी उपकरण सहित आवश्यक न्यूनतम उद्धार सामाग्री सहित खोज तथा उद्धार योजना तयारी गर्ने | सडक डिभिजन कार्यालय, चरिकोट<br>सुरक्षा निकायहरु<br>खोज तथा उद्धारमा संलग्न निकायहरु | • सडक डिभिजन कार्यालय, जि.स.स, स्थानीय तह मार्फत भारी उपकरणहरु (डोजर, एक्साभेटर, टिपर, ट्रक)<br>• व्यवस्थापन र निर्माण व्यवसायी संघ, एम्बुलेन्स सञ्चालन निकाय | तत्काल | |
| ३ | मनसुन पुर्वतयारी योजना तर्जुमा गरी वेभसाईटमा राखी NEOC मा पठाउने | जिल्ला विपद् व्यवस्थापन समिति | • जिल्ला स्थित सरकारी तथा गैह्सरकारी संघ संस्था, नेपाल<br>• रेडक्रस सोसाइटी | तत्काल | |
| ४ | जिल्ला आपत्कालीन कार्य संचालन केन्द्रलाई तयारी अवस्थामा राख्ने | जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, DDMC | • NEOC(राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्र)<br>• नेपाल रेडक्रस सोसाइटी | निरन्तर | |
| ५ | राहत सामाग्रीहरुको उचित भण्डारण गर्ने तथा जिल्लामा भएको भण्डारणको अनुगमन गरी अध्यावधिक गर्ने | जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र, जिल्ला विपद् व्यवस्थापन समिति,स्थानीय तहहरु | • नेपाल रेडक्रस सोसाइटी<br>• जिल्ला गोदामघर | तत्काल | |
| ६ | जिल्ला विपद् व्यवस्थापन राहत कोषमा न्यूनतम रकम राख्ने | जिल्ला विपद् व्यवस्थापन समिति | • गृह मन्त्रालय | निरन्तर | |
| ७ | सुरक्षा निकायहरुलाई तैनाथी अवस्थामा राख्ने | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल | • गृह मन्त्रालय<br>• जिल्ला विपद् व्यवस्थापन समिति | निरन्तर | |
| ८ | बाढी पुर्व सुचना प्रणालीलाई थप प्रभावकारी बनाउने | सुरक्षा निकायहरु, DEOC | • जल तथा मौसम विज्ञान विभाग<br>• जलमापन केन्द्रहरु<br>• बर्षा मापन केन्द्र<br>• शुरक्षा निकायहरु | निरन्तर | |

| सि.नं. | क्रियाकलाप | जिम्मेवारी | सहयोगी निकाय | समय | कै. |
|---|---|---|---|---|---|
| ९ | मुख्य नदिहरुमा बाढीको बहाव मापन गरी जिल्ला आपत्कालीन कार्य संचालन केन्द्रमा सुचना दिने | • जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र<br>• सुरक्षा निकायहरु | • जल तथा मौसम विज्ञान विभाग<br>• जलमापन केन्द्रहरु<br>• बर्षा मापन केन्द्र<br>• राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द (NEOC)<br>• सुरक्षा निकायहरु | निरन्तर | |
| १० | विपद्को समयमा सुचना व्यवस्थापनमा समन्वय गर्ने र एकद्वार प्रणाली अपनाउने | जिल्ला विपद व्यवस्थापन समिति | • गृह मन्त्रालय<br>• राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्र (NEOC)<br>• समन्वय गरी उपलब्ध गराउने<br>• नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल<br>• नेरेसो जिल्ला शाखा<br>• नेपाल पत्रकार महासंघ | मनसुनको / समयमा | |
| ११ | रेडियो सेट अपडेट गर्ने | जिल्ला विपद व्यवस्थापन समिति | • नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल<br>• जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र (DEOC)<br>• नेरेसो जिल्ला शाखा | | |
| १२ | स्थानीय स्वयंसेवकको परिचालन गर्ने | DDMC/DEOC /LEOC | • जिल्ला क्लष्टर निकायहरु, नेरेसो, जिल्ला स्थित सरकारी तथा गैह्र सरकारी संघ संस्था | निरन्तर | |
| १३ | घटना लगतै र घटना पश्चात द्रुत सर्वेक्षण र सुचना संकलन | जिल्ला विपद व्यवस्थापन समिति<br>DEOC | • नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल<br>• DEOC<br>• नेरेसो जिल्ला शाखा | | |

## राहत, पुनस्थापना, पुनलोभः जिल्ला समन्वय समिति, स्थानीय तहहरु सबै

| सि.नं. | क्रियाकलाप | जिम्मेवारी | सहयोगी निकाय | समय | कै. |
|---|---|---|---|---|---|
| १ | सामुदायीक एफ.एम लगायत स्थानीय मिडिया मार्फत नसुन पुर्वतयारी प्रचार प्रसार अभियान संचालन गर्ने | जिल्ला विपद व्यवस्थापन समिति, जि.स.स/न.पा/गा.पा, स्थानीय संचार माध्यम | स्थानीय विपद व्यवस्थापन समिति,स्थानिय रेडक्रसका स्वयंसेवक तथा उपशाखाहरु, समुदाय स्तरका तालिम प्राप्त स्वयंसेवकहरु, जिल्ला स्थित सरकारी तथा गैह्र सरकारी संघ संस्था | तत्काल सुरु गर्ने । | |
| २ | जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी आवश्यक सतर्कता अपनाउने | जिल्ला विपद व्यवस्थापन समिति, जि.स.स/न.पा/गा.पा | स्थानीय विपद व्यवस्थापन समिति, सामुदायिक समुहहरु, स्थानीय रेडक्रसका स्वयंसेवक तथा उपशाखाहरु स्थानीय तहमा कार्यरत निकायहरु,जिल्ला स्थित सरकारी तथा गैह्रसरकारी संघ संस्था | निरन्तर | |
| ३ | स्थानीय स्तरमा तालीम प्राप्त स्वयंसेवक पहिचान गरी तयारी तथा परिचान गर्ने | जिल्ला विपद व्यवस्थापन समिति, जि.स.स//न.पा/गा.पा | स्थानीय विपद व्यवस्थापन समिति,स्थानीय रेडक्रसका स्वयंसेवक तथा उपशाखाहरु, समुदाय स्तरका तालिम प्राप्त स्वयंसेवकहरु,जिल्ला स्थित सरकारी तथा गैह्रसरकारी संघ संस्था | निरन्तर | |
| ४ | विपद्को पुर्वानुमान गरी न्युनतम बन्दोवस्तीका सामाग्रीहरु व्यवस्थापन गर्ने | जिल्ला विपद व्यवस्थापन समिति, जि.स.स/न.पा/गा.पा | स्थानीय विपद व्यवस्थापन समिति,स्थानिय रेडक्रसका स्वयंसेवक तथा उपशाखाहरु, समुदाय स्तरका तालिम प्राप्त स्वयंसेवकहरु, जिल्ला स्थित सरकारी तथा गैह्रसरकारी संघ संस्था | तत्कालै | |

## अस्थायी आवास तथा गैह्खाद्य सामाग्री व्यवस्थापन : शहरी बिकास तथा भवन डिभिजन कार्यालय, स.श.वि.भ.नि.आ./ चरिकोट नेरेसा शाखा

| | | | | | |
|---|---|---|---|---|---|
| १ | जिल्लामा विपद् जोखिम क्षेत्रको पहिचान गर्ने | जिल्ला विपद व्यवस्थापन समिति जि.स.स/न.पा/गा.पा | • सुरक्षा निकायहरु, स्थानीय निकायहरु,नेपाल रेडक्रस सोसाइटी,जिल्ला स्थित सरकारी तथा गैह्र सरकारी संघ संस्था, जिल्ला आयोजना कार्यान्वयन इकाई(भवन) | निरन्तर | |
| २ | अस्थायी आवास योजनाको लागी सुरक्षित स्थानको पहिचान तथा अद्यावधिक गर्ने | जिल्ला विपद व्यवस्थापन समिति जि.स.स/न.पा/गा.पा | • स्थानीय तह सबै,<br>• जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकायहरु<br>• जिल्ला समन्वय समिति, नेपाल रेडक्रस सोसाइटी, जिल्ला स्थित सरकारी तथा गैह्रसरकारी संघ संस्था | निरन्तर | |
| ३ | आपत्कालीन अवस्थामा अस्थायी आवास निर्माणका लागी प्राबिधिक सहयोग गर्ने | जिल्ला विपद व्यवस्थापन समिति जि.स.स/न.पा/गा.पा | • सेल्टर क्लष्टरका सदस्यहरु<br>• नेरेसो | निरन्तर | |
| ४ | अस्पताल, बिद्यालय, सुरक्षा निकाय तथा मानविय आवश्यकता सामाग्री भण्डारणका | जिल्ला विपद व्यवस्थापन समिति | • सेल्टर क्लष्टर सदस्यहरु<br>• सुरक्षा निकाय | निरन्तर | |

प्रमुख जिल्ला अधिकारी

| सि.नं. | क्रियाकलाप | जिम्मेवारी | सहयोगी निकाय | समय | कै. |
|---|---|---|---|---|---|
| | लागी क्याम्प व्यवस्था गर्ने । | जि.स.स/न.पा/गा.पा | • नेरेसो | | |
| ५ | तत्काल राहत बितरणका लागी खाद्य तथा गैह्र खाद्य सामाग्री व्यवस्थापन गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति गोदामघर तथा नेरेसो | जिल्ला विपद् व्यवस्थापन समितिसंघ संस्थाहरु, क्षेत्रगत सदस्यहरु | विपदको सूचना प्राप्त हुना साथ | |
| ६ | आपत्कालिन प्रतिकार्य योजना कार्यान्वयन गर्ने | जिल्ला विपद व्यवस्थापन समिति जि.स.स/न.पा/गा.पा | • आवास बिषय क्षेत्रगत सदस्यहरु<br>• नेरेसो | बिपद् पश्चात | |
| ७ | अस्थायी आवास व्यवस्थापनका लागी सरोकारवाला निकायमा सहजीकरणमा सहयोग गर्ने | जिल्ला विपद व्यवस्थापन समिति<br>जि.स.स/न.पा/गा.पा | • स्थानीय बिपद व्यवस्थापन समिति, बन डिभिजन कार्यालय,श.वि.तथा भ.डिका./स.श.बि.भ.नि.आ<br>• स्थानीय रेडक्रसका स्वयंसेवक तथा उपशाखाहरु स्थानीय बिपद व्यवस्थापन समिति, समुदाय स्तरका तालिम प्राप्त स्वयंसेवकहरु, जिल्ला स्थित सरकारी तथा गैह्रसरकारी संघ संस्था | विपदको सूचना प्राप्त हुना साथ | |

## स्वास्थ्य तथा पोषण : स्वास्थ्य कार्यालय, स्थानिय तहका स्वास्थ्य सेवा शाखा

| | | | | | |
|---|---|---|---|---|---|
| १ | Rapid Reosponce Team | स्वास्थ्य कार्यालय, स्थानीय तह | डाक्टर : १, स्वास्थ्यकर्मी २, ल्याब : १, नर्स २, तथ्यांक अधिकृत १, कार्यक्रम फोकल पर्सन १ जना | निरन्तर | |
| २ | सरुवा रोग फैलन नदिन तयारी अवस्थामा रहने तथा सतर्कता अपनाउने | स्वास्थ्य कार्यालय, स्थानीय तह, अस्पतालहरु | स्थानिय स्वास्थ्य संस्था<br>महिला स्वास्थ्य स्वयंसेविका | निरन्तर | |
| ३ | अत्यावश्यक औषधी तथा औषधीजन्य सामाग्री व्यवस्थापन (बफर स्टक राखिएको) | स्वास्थ्य कार्यालय, स्थानीय तह, अस्पतालहरु | स्थानिय स्वास्थ्य संस्था | तत्काल | |
| ४ | एम्बुलेन्स व्यवस्थापन | जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति | एम्बुलेन्स सेवा प्रदायकहरु मार्फत अद्यावधिक र वैकल्पिक सम्पर्क नम्बर समेत तयारी | निरन्तर | |

## खाद्य सामाग्री तथा कृषि : कृषि सेवा केन्द्र, स्थानिय तहका कृषि शाखा

| | | | | | |
|---|---|---|---|---|---|
| १ | खाद्य सामाग्रीको मौज्दात विवरण अध्यावधिक गर्ने | जि.स.स/न.पा/गा.पा | | तत्काल | |

| सि.नं. | क्रियाकलाप | जिम्मेवारी | सहयोगी निकाय | समय | कै. |
|---|---|---|---|---|---|
| २ | बिपद्को समयका लागि खाद्य सामाग्री स्टक राख्ने | जि.स.स / न.पा / गा.पा | उद्योग वाणिज्य संघ, | तत्काल | |
| ३ | आफ्नो मातहतमा रहेको सवारी साधन, कृषि प्राविधिकहरुलाई तयारी अवस्थामा राख्ने | जि.स.स / न.पा / गा.पा | सबै स्थानीय तहहरु, उद्योग वाणिज्य संघ, | निरन्तर | |
| ४ | मनसुनको समयमा हुनसक्ने सम्भावित क्षती तथा प्रकोपका बारेमा सामुदायीक संचार माध्यमबाट प्रचार प्रसारको व्यवस्था मिलाउने | जि.स.स / न.पा / गा.पा | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला स्थित सरकारी तथा गैह्सरकारी संघ संस्था | निरन्तर | |
| | **पशुपंक्षी तथा चौपाया व्यवस्थापन : पशुसेवा केन्द्र** | | | | |
| १ | पशुपंक्षीबाट हुन सक्ने संक्रमण बिरुद्ध खोप कार्यक्रम | न.पा / गा.पा | जिल्ला विपद् व्यवस्थापन समिति | नियमित | |
| २ | पशुपंक्षीबाट हुन सक्ने संक्रामक रोग नियन्त्रण | न.पा / गा.पा | जिल्ला विपद् व्यवस्थापन समिति | नियमित | |
| ३ | बर्ड फ्लु नियन्त्रण | न.पा / गा.पा | जिल्ला विपद् व्यवस्थापन समिति | नियमित | |
| ४ | मृत पशुपंक्षी व्यवस्थापन | न.पा / गा.पा | जिल्ला विपद् व्यवस्थापन समिति | बिपद् पश्चात | |
| ५ | राहत बितरण | न.पा / गा.पा | जिल्ला विपद् व्यवस्थापन समिति | बिपद् पश्चात | |
| ६ | जनशक्ति परिचालन | न.पा / गा.पा | जिल्ला विपद् व्यवस्थापन समिति | आवश्यक्तानुसार | |
| | **संरक्षणः महिला बालबालीका तथा सामाजिक बिकास शाखा (स्थानीय तह)** | | | | |
| १ | मनसुनबाट हुनसक्ने महिला बालबालीका, जेष्ठ नागरीक तथा अपांगता भएका व्यक्तिहरुको संरक्षणको लागी क्लष्टर बैठक बसी पुर्वतयारी योजना निर्माण गर्ने | स्थानीय तहका महिला बालबालीका तथा सामाजिक बिकास शाखा | Cluster Members, जिल्ला स्थित सरकारी तथा गैह्सरकारी संघ संस्था | तत्काल | |
| २ | संरक्षण विषयगत क्षेत्रको रणनितिक योजना निर्माण गर्ने | स्थानीय तहका महिला बालबालीका तथा सामाजिक बिकास शाखा | Cluster Members, जिल्ला स्थित सरकारी तथा गैह्सरकारी संघ संस्था | तत्काल | |

| सि.नं. | क्रियाकलाप | जिम्मेवारी | सहयोगी निकाय | समय | कै. |
|---|---|---|---|---|---|
| ३ | Dignity Kit तयारी अवस्थामा राख्ने | स्थानीय तहका महिला बालबालीका तथा सामाजिक विकास शाखा | Cluster Members, जिल्ला स्थित सरकारी तथा गैह्सरकारी संघ संस्था | तत्काल | |
| ४ | Children kit स्थानिय स्तरबाट नै बितरणको व्यवस्था मिलाईने | स्थानीय तहका महिला बालबालीका तथा सामाजिक विकास शाखा | Cluster Members, जिल्ला स्थित सरकारी तथा गैह्सरकारी संघ संस्था | बिपद पश्चात | |
| ५ | परीवारबाट बिछोडिएका, अभिभावक गुमाउन सक्ने बालबालीकाका लागी तत्काल राहत तथा बन्दोबस्ती उपलब्ध गराउन सक्ने गरी रकमको व्यवस्था गर्ने | स्थानीय तहका महिला बालबालीका तथा सामाजिक विकास शाखा | Cluster Members,जिल्ला स्थित सरकारी तथा गैह्सरकारी संघ संस्था | तत्काल | |
| **खानेपानी, स्वच्छता तथा सरसफाई : खानेपानी तथा सरसपफाई डिभिजन रामेछाप र स्थानीय खानेपानी समतिहिरु** | | | | | |
| १ | बिपद्को समयमा सुरक्षित खानेपानीका लागी आवश्यक व्यवस्थापन गर्ने | खानेपानी तथा सरसफाई डिभिजन कार्यालयर स्थानीय खानेपानी समितिहरु | • जिल्ला समन्वय समिति<br>• स्थानीय तह<br>• DDMC | नियमित | |
| २ | आपत्कालीन अवस्थामा अस्थायी शौचालय निर्माणका लागी प्राविधिक सहयोग गर्ने (आवास व्यवस्थापन क्षेत्रसँग समन्वय गर्ने) | खानेपानी तथा सरसपफाई डिभिजन कार्यालय र स्थानीय खानेपानी समितिहरु | • Cluster Members<br>• स्थानीय तह | बिपद पश्चात | |
| ३ | वैकल्पीक खानेपानीको श्रोतको पहिचान गर्ने | खानेपानी तथा सरसपफाई डिभिजन कार्यालय र स्थानीय खानेपानी समितिहरु | जिसस, स्थानीय तह | निरन्तर | |
| ४ | अस्पताल,विद्यालय, सुरक्षा निकाय तथा मानविय आवास क्षेत्रमा WASH KIT व्यवस्था गर्ने | खानेपानी तथा सरसपफाई डिभिजन कार्यालय र स्थानीय खानेपानी समितिहरु | Cluster Members, जिल्ला स्थित गैह्सरकारी संघ संस्था | निरन्तर | |
| ५ | WASH प्रतिकार्य योजना अनुरुप तयारी अवस्थामा रहने गरी पुर्वतयारी बैठक बस्ने | खानेपानी तथा सरसपफाई डिभिजन कार्यालय र स्थानीय खानेपानी समितिहरु | WASH क्षेत्रगत समुह सदस्यहरु | निरन्तर | |
| ६ | मनसुनको समयमा हुनसक्ने सम्भावित क्षती तथा प्रकोपका बारेमा सामुदायीक संचार माध्यमबाट प्रचार प्रसारको व्यवस्था मिलाउने | खानेपानी तथा सरसपफाई डिभिजन कार्यालय र स्थानीय खानेपानी समितिहरु | DDMC, स्थानीय तहमा कार्यरत निकायहरु, | निरन्तर | |

प्रमुख जिल्ला अधिकारी

## ३ आपतकालीन समयका लागि उपलब्ध साधन

३.१ गरुडदलसंग रहेको विपदमा प्रयोग हुन सक्ने सामग्रीको विवरण:

| सि.नं. | सामानको विवरण | ईकाई | बाँकी मौजादा | कै. |
|---|---|---|---|---|
| १ | विभिन्न साईजको प्लाष्टिकको डोरी | रोल | १२ | |
| २ | सेफ्टि हेलमेट | गोटा | ३३ | |
| ३ | घन | गोटा | २६ | |
| ४ | लाइफ ज्याकेत | गोटा | ११ | |
| ५ | रवर वाल्टिन | गोटा | २१ | |
| ६ | गल | गोटा | ३० | |
| ७ | पिक | गोटा | ४२ | |
| ८ | झ्याम्पल | गोटा | १० | |
| ९ | टिनको वाल्टिन | गोटा | १० | |
| १० | सानो व्याग | गोटा | १० | |
| ११ | सावेल | गोटा | २० | |
| १२ | डोरी भएको व्याग | गोटा | २ | |
| १३ | हाते करौती | गोटा | १० | |
| १४ | म्याट्रेस | गोटा | २० | |
| १५ | टिनको ठुलो वाकस | गोटा | १ | |
| १६ | भर्याङ सानो ठुलो | गोटा | ३ | |
| १७ | डोरी | मीटर | ६१ | |
| १८ | त्रिपाल | थान | २००० | |

३.२ .जिल्ला प्रशासन कार्यालय, दोलखसंग रहेको विपदमा प्रयोग हुन सक्ने सामाग्रीको विवरण

| सि.न. | सामाग्रीको विवरण | थान |
|---|---|---|
| १ | त्रिपाल | २०० |
| २ | टेण्ट | ५ |

### ३.३.जिल्ला प्रहरी कार्यालय दोलखा संग रहेको विपदमा प्रयोग हुन सक्ने सामग्रीको विवरण

| सि.न. | सामाग्रीको विवरण | थान | सि.न. | सामाग्रीको विवरण | थान |
|---|---|---|---|---|---|
| १ | सावेल | १५ | १२ | गल | - |
| २ | लाइफ ज्याकेट | १५ | १३ | गल | १० |
| ३ | पिक | १४ | १४ | Fire Extinguisher | २ |
| ४ | सेफ्टी हेल्मेट | १९ | १५ | वाल्टिन | - |
| ५ | क्लाइमिङ रोप | ८ | १६ | First Aid Box | २ |
| ६ | स्ट्रेचर | १० | १७ | फेस माक्स | २ |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय दोलखा

प्रमुख जिल्ला अधिकारी

| सि.न. | सामाग्रीको विवरण | थान | सि.न. | सामाग्रीको विवरण | थान |
|---|---|---|---|---|---|
| ७ | प्लाष्टिक हेलमेट | २०० | १८ | स्ट्रेचर | १ थान |
| ८ | रवर क्याम्प बुट | २५ जोर | १९ | रेस्केउ हेलमेट | १५ थान |
| ९ | हेड टर्च | २ | २० | सावेल | १० थान |
| १० | वायर कटर | ६ थान | २१ | ग्लोब्स | २ थान |
| ११ | स्मिङ चस्मा | ७२ थान | २२ | डोरी | १०० मि. |

३.४ सशस्त्र प्रहरी बल नं १८ गण हे.क्वा., दोलखामा रहेको विपदमा प्रयोग हुन सक्ने सामग्रीको विवरण :

| सि.न. | सामाग्रीको विवरण | थान | सि.न. | सामाग्रीको विवरण | थान |
|---|---|---|---|---|---|
| १ | सावेल | १२ | १२ | MC Leod with handel | ५ |
| २ | लाइफ ज्याकेट | ११ | १३ | Pulaski with a handel | २ |
| ३ | पिक | ७ | १४ | Fire Extinguisher | ३ |
| ४ | बाल्टिन | ४ | १५ | charkate with handel | २ |
| ५ | डोरी | ५ | १६ | Fire swatter eithsted pipe handel | २ |
| ६ | स्ट्रेचर | - | १७ | Xtra power anap sac pump 800 pro | २ |
| ७ | हेल्मेट | ३७ | १८ | FF Suit | २४ |
| ८ | गम बुट | २ | १९ | Tumlet Army Type | ५ |
| ९ | first Aid kit | ७ | २० | Fire Swatter | १३ |
| १० | टर्च लाइट | ४ | २१ | Rake Hoe | १० |
| ११ | लेदर ग्लोब्स | २४ | २२ | Jump suit | १४ |

**३.४ भिमेश्वर नगरपालिका सँग रहेका उद्दारका सामानहरु**

| सि.नं. | सामाग्रीको नाम | संख्या | सि.नं. | सामाग्रीको नाम | संख्या |
|---|---|---|---|---|---|
| १ | फस्टेड व्याग | ९ | २ | कमल (वोरा) | ६ |
| ३ | अग्नी समन यन्त्र | २६ | ४ | फायर वल | १३ |
| ५ | स्टेचर | २१ | ६ | सावेल | ४० |
| ७ | गल | ४० | ८ | वाल्टी | २५ |
| ९ | पिक | २५ | १० | च्यनचु मेसिन | २ |
| ११ | ठुलो कटर | २ | १२ | घन ठुलो/सानो | १२ |
| १३ | मार्तोल | १९ | १४ | आरी | ६ |
| १५ | ह्याक्सो फ्रेम | ६ | १६ | रेन्चो | ९ |
| १७ | हुक | ७ | १८ | सानो चादे | ७ |
| १९ | टर्च | ४ | २० | रेस्क्यु रोप | १०० मी |
| २१ | सानो रोप | २ | २२ | क्याराविनर | १६ |
| २३ | फिगर अफ एट | १० | २४ | हार्नेश | ३ |
| २५ | हेल्मेट | ५ | २६ | फायर सुट | ४ |
| २७ | फायर जुत्ता | ४ | २८ | चस्मा | ४ |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दोलखा, चरिकोट

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | नाइलन डोरी | ५ | ३० | व्याग वोर्ड | ६ |
| ३१ | हाते बन्चरी | ४ | ३२ | ह्याण्ड माइक | ३ |
| ३३ | त्रिपाल व्याग | ४ | ३४ | पारा टिच | २ |

## ४.४ कार्यसम्पादन तरिकाहरू र व्यबस्थापन

समग्रमा जिल्ला विपद व्यवस्थापन समितिले यस कार्यको अपनत्वलिई नेतृत्व प्रदान गर्नेछ । समितिले आवश्यकताअनुसार समितिको वैठक बसी आवश्यक निर्देशन, सहयोग तथाअनुगमनका साथै प्रतिकार्य सञ्चालनमा सहजवातावरण प्रदान गर्नेछ ।

समितिले गर्ने नियमित क्रियाकलापहरु संचालन गर्न सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा निम्नानुसार Command Post गठन गरिने छ । Command Post को दैनिक वैठक वसी आवश्यक दैनिक कार्यहरू, तत्काल आवश्यक निर्णयहरु गर्ने र सोको कार्यान्वयन गर्ने गराउने कार्य गर्नेछ ।

## ४.५ प्रतिकार्य योजनाका क्षेत्रहरु

१. रोकथामका लागि जनचेतना वृद्धि अभियान

२. उपचार तथा समुदायमा आधारित हेरचाह

३. स्रोत परिचालन

## ४.६ अनुगमन तथा सुपरिवेक्षण र प्रतिवेदन

जिल्ला विपद् व्यवस्थापन समिति, DDMC, स्वास्थ्य कार्यालय, स्थानिय तहहरु,स्थानीय विपद् व्यवस्थापन समिति र अन्य सरोकारवाला निकायहरुवाट संचालित गतिविधिहरुको नियमीत अनुगमन र पृष्ठपोषण कार्य संचालन गरिनेछ । संचालीत सेवाको सेवा प्रदान गर्ने स्थान देखि स्थानीय तह र जिल्ला स्तरवाट तोकिएको ढाँचामा अभिलेख राख्ने र नियमीत रुपमा प्रतिवेदन गर्ने कार्य गरिने छ । यस कार्यको लागि सम्वन्धित निकायमा सुचना अधिकारी तोकिनेछ । सुचनालाई केन्दीकृत गरी एकै ठाँउवाट मात्र प्रवाह गर्ने व्यवस्था गरीने छ जस्ले गर्दा सुचनामा एकरुपता आउनेछ ।

## ५.दोलखा जिल्लामा संचालित एम्बुलेन्स विवरण :

| सि .नं. | स्थानीय तह | एम्बुलेन्स नं. | चालकको |  | अन्य विवरण | एम्बुलेन्स धनी (निकाय) |
|---|---|---|---|---|---|---|
|  |  |  | नाम थर | फोन नं. |  |  |
| १ | शैलुङ गापा. | बा4522 2झ | सुजन श्रेष्ठ | 9880504916 | चालु | शैलुङ गापा. |
| २ | भीमेश्वर नपा. | बा19च1574 | शहदेव भण्डारी | 9863323233 | चालु | दोलखा सामुदायिक अस्पताल |
| ३ |  | बा 19च9688 | राम वथापा . | 9864234103 | चालु | प्राचरिकोट.के.स्वा. |
| ४ |  | बा६च 82 | हितमान थामी | 9844060419 | चालु | नागरिक समाज |
| ५ |  | बा21.च 7969 | नारायण सुवेदी | 9861569486 | चालु | च्छोरोल्पा अस्पताल- |
| ६ | गौरिशंकर गापा. | बा5013 2झ | सुरज सुरेल | 9840664206 | चालु | गौरिशंकर गा.पा. |
| ७ |  | बा२झ4526 | वासुदेव खत्री | 9869529802 | चालु | गौरीशंकर गापा. |
| ८ | जिरी न.पा. | बा2212 2ख | गोपाल जिरेल | 98415783 | चालु | जिरी अस्पताल |
| ९ |  | बा2झ4523 | लिला वहादुर जिरेल | 9869550736 | चालु | जिरी अस्पताल |
| १० | तामाकोशी गापा. | बा9च7500 | दिपक सुवेदी | 9849449888 | चालु | किर्ने स्वास्थ्य केन्द्र |
| ११ |  | बा21च81 | भक्त वहादुर कार्की | 9841391529 | चालु | तामाकोशी गाउँपालिका |
| १२ | विगु गापा. | बा4538 2झ | रविन्द्र उप्रेती | 9864174742 | चुलु | विगु गाउँपालिका |
| १३ |  | बा21च83 | विमल वुढाथोकी | 9851117410 | चालु | विगु गाउँपालिका |
| १४ | मेलुङ गापा. | प्र002-01-3.झ4942 | वासु गनिका | 9840916063 | चालु | मेलुङ गाउँपालिका |
| १५ |  | बा4979 21च | विरवल लामा | 9848538330 | कचालु | मेलुङ |
| १६ | कालिञ्चोक गापा. | प्र4705-023-3. | महेन्द्र श्रेष्ठ | 9848832801 | चालु | गजेन्द्र स्मृती फाउण्डेशन |
| १७ |  | बा15च5173 | कृति वहादुर थामी | 9860922661 | चालु | सिंगटी प्रा.के.स्वा. |
| १८ |  | बा२१ च 82 | कुमार थामी | 9814820672 | चालु | कालिञ्चोक |
| १९ | वैतेश्वर गापा. | ज१च1437 | नारायण दहाल | 9869538218 | चालु | वैतेश्वर |
| २० |  | बा1झ4527 | राम वहादुर दहाल | 9861321547 | चालु | वैतेश्वर |
| २१ | भीमेश्वर-८ |  |  | ९७६७६५११६० | चालु | वोंच स्वास्थ्य चौकी |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दोलखा, चरिकोट

प्रमुख जिल्ला अधिकारी

## ६. दोलखा जिल्लामा विपद्को समयमा सुरक्षति रहन सक्ने खुल्ला क्षेत्र र हेलिप्याडहरुको अवस्था

| सि | स्थानीय तह | खुल्ला स्थान | हेलिप्याड |
|---|---|---|---|
| १ | भिमेश्वर नगरपालिका | टुडिखेल,रामकोट चौर,सिमपानी चौर,मुलखर्क खेल मैदान,कालिन्चोक मा.वि.खेलमैदान | नेपाली सेनाको हेलीप्याड,गौरीशंकर क्याम्पसको खेल मैदान,तिखातल व्यक्तिगत हेलिप्याड |
| २ | जिरी नगरपालिका | साविक जिरी एयरपोर्ट | वडा नं.५ को मैदान |
| ३ | बिगु गाउँपालिका | शान्ति आदर्श मा.वि.खेलमैदान | लप्ची गुम्बा,बिगु गुम्बा |
| ४ | गौरीशैकर गाउँपालिका | ना मा रहेको खुल्ला मैदान | विभिन्न स्थानमा हेलिप्याड रहेको |
| ५ | कालिन्चोक गाउँपालिका | खोरथली चौर,कुरी चौर | प्रत्यक वडामा हेलिप्याड रहेको |
| ६ | शैलुङ गाउँपालिका | शैलुङका ठुला चौरहरु | प्रत्येक वडामा हेलीप्याड रहेको |
| ७ | तामाकोशी गाउँपालिका | | |
| ८ | मेलुङ गाउँपालिका | | |
| ९ | वैतेश्वर गाउँपालिका | | |

**७.जिल्ला विपद् सहायता कक्षको संरचना**

सहायक प्रमुख जिल्ला अधिकारी-संयोजक

सुरक्षा निकायका प्रतिनिधिहरु-सदस्य

नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा प्रतिनिधि-सदस्य

दोलखा उद्योग बाणिज्य संघ प्रतिनिधि-सदस्य

जिरी उद्योग बाणिज्य संघ प्रतिनिधि-सदस्य

पत्रकार महासंघ जिल्ला शाखा प्रतिनिधि-सदस्य

नागरिक समाजका प्रतिनिधि-सदस्य

जिल्ला आपतकालिन कार्य संचालन केन्द्रका प्रतिनिधि-सदस्य सचिव

**उल्लिखित संरचना बमोजिम सहायता कक्ष संचालनमा ल्याइएको छ ।**

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दोलखा, चरिकोट

प्रमुख जिल्ला अधिकारी